# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असोज ११ गते २०३३ साल

श्री ५ को सरकार

### सञ्चार मन्त्रालयको

### सूचना

रेडियो (लाइसेन्स) पहिलो संशोधन नियमावली, २०३३

रेडियो (लाइसेन्स) नियमावली, २०२६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

रेडियो ऐन, २०१४ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यी नियमहरूको नाम "रेडियो (लाइसेन्स) पहिलो संशोधन नियमावली, २०३३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. रेडियो (लाइसेन्स) नियमावली, २०२६ को नियम ६ मा संशोधनः— रेडियो (लाइसेन्स) नियमावली, २०२६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ :—

"६. लाइसेन्सको अवधि र नवीकरणः— (१) नियम ४ बमोजिम दिइएको लाइसेन्स एक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आर्थिक वर्षसम्म बहाल रहनेछ र त्यस्तो लाइसेन्स प्रत्येक सालको श्रावण मसान्तसम्ममा लाइसेन्स नवीकरण गर्ने अधिकारीबाट नवीकरण गराउनु पर्नेछ] ।

(२) उप–नियम (१) मा तोकिएको म्याद नघाई नवीकरण गर्न आएमा देहायको अवधिको निमित्त देहाय बमोजिमको थप दस्तूर लाग्नेछ :–

(क) नवीकरण गर्ने म्याद नाघेको पैंतीस दिनसम्म नवीकरण दस्तूरको सयकडा पच्चीस,

(ख) खण्ड (क) बमोजिमको म्याद नाघेपछि तीन महीनासम्म नवीकरण दस्तूरको सयकडा पचास, र

(ग) खण्ड (ख) बमोजिमको म्याद नाघेपछि सोही आर्थिक वर्षको अन्तसम्म नवीकरण दस्तूर सरह ।

(३) लाइसेन्स नवीकरण गर्दा लाइसेन्स दस्तूर सरहनै नवीकरण दस्तूर लाग्नेछ।"

३. मूल नियमावलीको नियम १५ मा संशोधनः– मूल नियमावलीको नियम १५ को सट्टा देहायको नियम १५ राखिएको छ :–

"१५ दण्ड सजायः– (१) नियम ३ मा तोकिएको म्याद नघाई रेडियो यन्त्र राख्न दर्खास्त दिने व्यक्ति र नियम १० को उप–नियम (१) वा नियम १२ को उप–नियम (१) उल्लंघन गर्ने व्यक्तिलाई लाइसेन्स दिने अधिकारीले एकसय रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ।

(२) नियम ६ को उप–नियम (२) को खण्ड (ग) मा तोकिएको म्यादभित्र पनि लाइसेन्स नवीकरण नगर्ने व्यक्तिलाई लाइसेन्स नवीकरण गर्ने अधिकारीले एकसय रूपैयाँसम्म जरीवाना गर्न सक्नेछ।

४. रूपान्तरः–मूल नियमावलीमा "रिन्यू" वा "रिन्यूवल" भन्ने शब्द प्रयोग भइरहेको ठाउँ त्यसको सट्टा "नवीकरण" भन्ने शब्द राखिएको छ ।

आज्ञाले–
तीर्थराज तुलाधर
श्री ५ को सरकारको सचिव

४६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।